# 5 कति वटा?



## हजुरबुबासँग घुम्न जाने!




बालबालिकाहरूलाई चित्र हेर्न दिनुहोस् अनि उनीहरू उद्यानमा के के गर्छन् भन्न लगाउनुहोस्। उद्यानमा कतिजना मानिसहरू आइरहेछन् यसबारे उनीहरूसँग चर्चा गर्नुहोस्, जस्तै, पहिलो चित्रमा कतिजना बालकहरू खेलिरहेका छन् र फेरि कतिजना आए। हजुरबुबा-हजुरआमासँग समय बिताउनको महत्त्वबारे बालबालिकाहरूसँग छलफल गर्नुहोस् र उनीहरूलाई दिनपर्ने आदर बारे पनि छलफल गर्नुहोस्।




© NCERT not to be republished

## कुल कति छन् भन्नुहोस् ? रिक्त स्थान भर्नुहोस्।




**4** जना बालबालिका र **2** जना बालबालिका मिलेर ___ बालबालिकाहरू हुन्छन्।

4 + 2 = ☐



**3** वटा लट्टू र **1** लट्टू मिलेर _____ लट्टूहरू हुन्छन्।

3 + 1 = ☐



**3** वटा कमिला र **2** वटा कमिला मिलेर _____ कमिलाहरू हुन्छन्।

3 + 2 = ☐



**4** वटा पेन्सिल र **3** वटा पेन्सिल मिलेर ____ पेन्सिलहरू हुन्छन्।


4 + 3 = ☐

बालबालिकाहरूलाई ठोस वस्तुहरूको मद्दतले योग गर्ने पर्याप्त अवसर दिनुहोस्। बालबालिकाहरूलाई दुइटा समूहका(एकत्रीकरण) वस्तुहरूलाई मिलाएर कुल वस्तुहरूको सङ्ख्या पत्तो लगाउनु प्रेरित गर्नुहोस् र मौजुद वस्तुहरूका समूहमा अझै वस्तुहरू थप्न लगाउनुहोस् (वृद्धि)। बालबालिकाहरूलाई दुवै प्रकारका योग समस्याहरूको अभ्यास कार्य गराउनुपर्छ।




© NCERT not to be republished

## जोड्नुहोस् र चित्र कोर्नुहोस्।



6 वटा गोलीहरू र 2 वटा गोलीहरू मिलेर _____ गोलीहरू हुन्छ।

6 + 2 = [ ]



7 + 1 = [ ]



## गन्ती गरौँ

A. तपाईंको आमा र बुबाका जम्मा कतिजना दाजुभाइ र दिदीबहिनीहरू छन्?

B. तपाईं र तपाईंको साथीको परिवारमा कुल कति सदस्यहरू छन्?

C. तपाईंको दुवै हात र खुट्टामा कुल कतिवटा औंलाहरू छन्?


D. तपाईंले आफ्ना औंलाहरूमा कति सङ्ख्याहरू गन्न सक्नुहुन्छ?

बालबालिकाहरूलाई योग सम्बन्धी वाक्यहरू बुझ्ने र स्वस्वर भन्ने प्रेरणा दिनुहोस्। जस्तै , 4 जना बालबालिकाहरू र 2 जना बालबालिकाहरू मिलेर 6 जना बालबालिकाहरू हुन्छन्। 'हुन्छन्' शब्दलाई योग चिह्न (+) र कुललाई बराबर चिह्न (=) सँग स्थापित गर्नुहोस। सङ्केतिक चित्र वा सङ्ख्याहरूको योग सिक्न भन्दा पहिला बालबालिकाहरूलाई ठोस वस्तुहरूसँग अभ्यास गराउँदै 'कुल', 'जम्मा', 'जम्मै' आदि शब्दवली विकास गर्ने अवसर प्रदान गर्नु पर्छ।




© NCERT not to be republished


## औँलाहरूको कुल सङ्ख्या गन्नुहोस् र लेख्नुहोस्।




$4 + 3 =$ ____




$3 + 2 =$ ____



$5 + 3 =$ ____



$4 + 0 =$ ____




$4 + 4 =$ ____

© NCERT not to be republished



## हामी खेलौँ - गोटीसँग योग गर्नु!

पालो गर्नुहोस् र दुईवटा गोटीहरूलाई सँगै फ्याँक्नुहोस् र दुवै गोटीहरूमा भएका थोप्लाहरूको कुल सङ्ख्या पत्तो लगाउनुहोस्। अब आफ्नो साथीलाई गोटी फ्याँक्न लगाउनुहोस् र थोप्लाहरूको सङ्ख्या पत्तो लगाउनुहोस्। कसको सङ्ख्या धेरै छ पत्तो लगाउनुहोस्।




## हामी गरौँ

किशोर र नित्याले पनि यस्तै खेल खेले र यी उनीहरूका गोटीका थोप्लाहरू हुन्। र आफुले पाएको सङ्ख्या (स्कोर) लेखे। किशोरले कति पल्ट जिते र नित्याले कति पल्ट जितिन् पत्तो लगाउन सङ्ख्या पटमा (✓) चिन्ह लगाउनुहोस्।



| | किशोर | नित्या |
|---|---|---|
| A. | ✓ | |
| B. | | |
| C. | | |
| D. | | |
| E. | | |







© NCERT not to be republished


## मोती र डोरी

तल दिइएको सङ्ख्या अनुसार डोरीमा भएका मोतीहरूमा रङ लगाउनुहोस् र रङ्गीन मोतीहरूको कुल सङ्ख्या पत्तो लगाउनुहोस्।


A. 3 + 4 = 




B. 4 + 2 = 




C. 5 + 4 = 



D. 2 + 7 = 



E. 7 + 3 = 



बालबालिकाहरूलाई मोतीको डोरीसँग खेल्ने प्रेरणा दिनुहोस्। जोड्ने प्रक्रियामा ध्यान दिनुहोस् र उनीहरूले प्रयोग गरेका विधिहरूबारे चर्चा गर्नुहोस्।




© NCERT not to be republished

## नाघेर योगफल निकाल्नुहोस्


4 + 2 =





3 + 2 =




5 + 3 =




6 + 3 =




© NCERT not to be republished

## आफ्नै तरिकाले जोड्नुहोस्

अब्दुल र रिहानाले दुई भिन्न तरिकाले सङ्ख्याहरू जोडिरहेका छन्। उनीहरूलाई योगफल पत्तो लगाउन मद्दत गर्नुहोस्।



$$\begin{array}{r} 2 \\ +\ 3 \\ \hline \end{array}$$

$2 + 3 =$ ____

$$\begin{array}{r} 5 \\ +\ 1 \\ \hline \end{array}$$

$5 + 1 =$ ____

$$\begin{array}{r} 3 \\ +\ 3 \\ \hline \end{array}$$

$3 + 3 =$ ____


$$\begin{array}{r} 9 \\ +\ 1 \\ \hline \end{array}$$


$9 + 1 =$ ____


© NCERT not to be republished


## हामी गरौँ

A. रिक्त स्थानहरूमा जोडी सङ्ख्याहरू लेख्नुहोस्




कोणार्क सूर्य रथको चक्का

B. जोड्नुहोस र निम्नलिखितलाई मिलान गर्नुहोस्।

| | | |
|---|---|---|
| 1 + 4 | 5 | 4 + 2 |
| 6 + 3 | 6 | 3 + 4 |
| 5 + 2 | 7 | 3 + 2 |
| 0 + 6 | 9 | 5 + 4 |

## परियोजना कार्य

0 देखि 9 सम्मको दसवटा कार्ड लिनुहोस्।

कार्डहरू यसप्रकारले मिलाउनुहोस् कि तिनीहरूको योगफल 9 हुन्छ।

यस्तो गर्ने धेरै तरिकाहरू छन्। तपाईंले यसलाई कति तरिकाले गर्न सक्नुहुन्छ?

☐ + ☐ = 9

☐ + ☐ + ☐ = 9

☐ + ☐ = 9

© NCERT Not to be republished

## योगको कथा

A. राघवसँग  4 वटा शङ्ख छन्  र सरितासँग  5 वटा शङ्ख छन्  । उनीहरू दुवैजनासँग जम्मा कतिवटा शंखहरू छन्? ☐

B. मीनाक्षीसँग 3 वटा गुच्चा छन्  र रञ्जितसँग 6 वटा गुच्चा छन् । उनीहरू दुवैजनासँग जम्मा कतिवटा गुच्चाहरू छन्? ☐

C. एउटा झोलामा 3 वटा  नरिवल छन्। अर्को झोलामा 4 वटा  नरिवल छन्। जम्मा कतिवटा नरिवल छन्? ☐

## हेरौँ, हाम्रो झोलामा के छ?

यो आफ्नो साथीसँग गर्नुहोस् र तल उत्तरहरू लेख्नुहोस्।


A. मेरो झोलामा _____ पुस्तकहरू छन् र मेरो साथीको झोलामा  पुस्तकहरू छन्। हामी दुवैजनाको जम्मा _____ पुस्तकहरू छन्। __________।

B. मसँग _____ पेन्सिल छ र मेरो साथीसँग _____ पेन्सिल छ। हामी दुवैजनासँग जम्मा ________ पेन्सिलहरू छन्।


C. मसँग _____ कापीहरू छन् र मेरो साथीसँग _____ कापीहरू छन्। हामी दुवैजनासँग जम्मा________ कापीहरू छन्।"



## सोच्नुहोस् र गर्नुहोस्




दिइएको तालिकामा थोप्ले रेखाहरूद्वारा देखाइए अनुसार अङ्कहरू 1, 2 र 3 यसरी लेख्नुहोस् कि सबै तरिकाबाट जोड सङ्ख्या 6 नै आउँछ।



यो गतिविधि बालबालिकाहरूद्वारा जोडीमा गरिनेछ। बालबालिकाहरूलाई आफै समस्या र प्रश्नहरू बनाउन प्रेरित गर्नुहोस्। चित्रमा भएको कोणार्क सूर्य रथको चक्काको (पृष्ठ 56) राखेर विश्वको सबैभन्दा पुरानो कोणार्क, ओडिशामा भएको सूर्य मन्दिर बारे कक्षामा चर्चा गर्नुहोस्।



© NCERT not to be republished

## पाँचजना साना बालबालिका

पाँचजना बालबालिका हात उठाऊ, तिम्रो बिसाउनीआयो 1 एकजना ओर्ल्यो, होहल्ला गर्दै अब, हामी रह्यौँ चार!








चारजना साना बालबालिका हात उठाऊ, तिम्रो बिसाउनी आयो एकजना ओर्ल्यो, रुखको नजीक अब, हामी रह्यौँ तीन!




तीनजना साना बालबालिका हात उठाऊ, तिम्रो बिसाउनी आयो एकजना ओर्ल्यो, टल्केको जुत्ता लगाएको अब, हामी रह्यौँ दुई!



© NCERT not to be republished

दुईजना साना बालबालिका हात
उठाऊ, तिम्रो बिसाउनी आयो।
एकजना ओर्ल्यो, घामतिर हेर्दै
अब, रह्यो एक!







एकजना साना बालक हात
उठाऊ, तिम्रो बिसाउनी आयो
अन्तिम ओर्ल्यो, रमाइलो गर्दै
अब, कोही छैनन्।

© NCERT not to be republished

## बातचीत गरौँ

क. सुरुमा बसमा कति जना बालबालिकाहरू छन्?

ख. पहिलो पल्ट कतिजना बालबालिकाहरू बसबाट ओर्लिए?

ग. पहिलो बिसाउनी पछि बसमा कतिजना बालबालिकाहरू बाँकी रहे?

घ. दोस्रो बिसाउनी पछि कति बालबालिकाहरू बाँकी रहे? तेस्रो, चौथो र पाँचौँ बिसाउनी पछिको लागि पनि समान उत्तर दिनुहोस्।

ङ. अन्तमा बसमा कति जना बालबालिकाहरू बाँकी रहे?

## परियोजना कार्य

तपाईंको घरमा भएका मानिसहरूको सङ्ख्या पत्तो लगाउनुहोस्। कतिजना स्कूल जान्छन्, कतिजना काममा जान्छन् र कतिजना घरमै बस्छन्?






## हामी गरौँ

### कति बाँकी रहे?

A. रिक्त स्थानहरू भर्नुहोस्।

i.

6 वटा भ्यागुताहरू | 2 वटाले हाम फाले | ______ बाँकी छन्

6 – 2 = ______




ii.

7 वटा बलुनहरू | ______ वटा उड्यो | 5 वटा बाँकी छन्

7 – 2 = ______

iii.

9 वटा केराहरू | 6 वटा लगियो | ____ वटा बाँकी छन्

9 – 6 = ______

© NCERT not to be republished

A. बाँकी रहेका वस्तुहरीको चित्र बनाउनुहोस् र रित्तो स्थान भर्नुहोस्।

i.



_____ वटा गमलाहरू _____ वटा गमला फुट्यो _____ वटा बाँकी छन्

3 − ______ = ______

ii.



7 वटा लड्डू 4 वटा खाइयो _____ वटा बाँकी छन्

7 − 4 = ______


iii.



7 वटा गोली ______ वटा लगियो ______ वटा बाँकी छन्

7 − ______ = ______

B. निम्न प्रश्नहरूको उत्तर दिनुहोस्।


i. मनिषासँग  9 वटा केरा छन्  । उनले 3 वटा केरा खाइन्। उनीसँग कति वटा केराहरू बाँकी छन्? [ ]

ii. त्यहाँ 8 वटा पुतलीहरू  छन्। 5 वटा पुतलीहरू उडे। कतिवटा पुतलीहरू बाँकी छन्? [ ]

© NCERT not to be republished







## हामी गरौँ



तपाईंले आफ्नै दसवटा थोप्ले कार्ड बनाउनुहोस् र आफ्ना साथीहरूबाट केही थोप्लाहरू लुकाउनुहोस्। उनीहरूलाई कतिवटा सोध्नुहोस् थोप्लाहरू लुकाइएका छन् सोध्नुहोस् ।

### कतिवटा थोप्लाहरू नदेखिने छन् र कतिवटा थोप्लाहरू देखिएका छन्?

| देखिने थोप्लाहरू | नदेखिने थोप्लाहरू | देखिने थोप्लाहरू |
|---|---|---|
|  | 0 | 10 |
|  | | |
|  | | |
|  | | |




## परियोजना कार्य


बालबालिकाहरूलाई 8 थोप्लाहरू भएको फ्रेम बनाउन लगाउनुहोस्। अब उनीहरूका हात र रुमाल प्रयोग गरेर केही थोप्लाहरू लुकाउनुहोस् र कतिवटा थोप्लाहरू देखिँदैछन् र कतिवटा नदेखिएका छन् सोध्नुहोस्। यी सङ्ख्याहरूमा कुनै ढाँचा देखिएका छन्? यो गतिविधिलाई अरु सङ्ख्याहरूका लागि पनि विस्तार गर्नुहोस्। थोप्लाहरू नलुकाएर के यो गर्न सम्भव छ?

© NCERT not to be republished

## सङ्ख्या पट्टिको पछिल्लोतिर  जानुहोस्।





A. 9 बाट 3 पाइला पछाडि जानुहोस्l




9 – 3 = 6

B. 7 बाट 4 पाइला पछाडि जानुहोस्।




7 – 4 = 

## आफ्नै तरिकाले घटाउनुहोस्।

A. 8 – 2 = 

B. 7 – 3 = 

C. 9 – 5 = 

D. 6 – 3 = 

E. 5 – 1 = 

F. 4 – 2 = 

© NCERT not to be republished